- अनुसन्धानमा ए.पी.ए. ढाँचाको प्रयोग सम्बन्धी कार्यशालामा सहभागी, सुर्खेत: मानविकी तथा सामाजिकशास्त्र सङ्काय, म.प.वि. ।
- छन्द कविता लेखन एवम् वाचनकला प्रशिक्षण (२०६६),बाँके : भेरी साहित्य समाज ।

**अनुभव :**

- उपप्राध्यापक नेपाली शिक्षा (२०७० देखि हालसम्म), सुर्खेत : मध्यपश्चिमाञ्चल विश्वविद्यालय ।
- अभ्यास शिक्षण प्रमुख शिक्षाशास्त्र सङ्काय (२०७१) सुर्खेत : मध्यपश्चिमाञ्चल विश्वविद्यालय ।
- स्नातकोत्तर र स्नातक तहका प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण र संपरीक्षणको अनुभव ।

**प्रकाशित पुस्तक**

| क्र.सं. | पुस्तकको नाम | लेखक | प्रकाशक |
|---|---|---|---|
| १. | डायास्पोरा नेपाली साहित्य र समालोचना (२०७५) | एकल | सनलाइट पब्लिकेसन, कीर्तिपुर |
| २. | अनिवार्य नेपाली (बी.एड. दोस्रो सेमेस्टर) (२०७५) | संयुक्त | दाजुभाइ पब्लिकेसन |
| ३ | अनिवार्य नेपाली (२०७६) | एकल | जेके पब्लिकेसन, सुर्खेत |
| ४ | अनिवार्य नेपाली (२०७८) | एकल | आदित्य बुक्स, काठमाडौं |

## अभ्यास

**विषयगत प्रश्न**

१. एउटा प्रतिष्ठित विद्यालयमा विद्यार्थी भर्नाका लागि आवश्यक पर्ने विज्ञापनको नमुना तयार गर्नुहोस् ।
२. नयाँ वर्षका उपलक्ष्यमा सिस्ने पुस्तक पसलका नामबाट दिइने शुभकामना तयार गर्नुहोस् ।
३. आफू अध्ययनरत क्याम्पसका एक जना प्राध्यापकले विद्यावारिधि उपाधि हासिल गर्नुभएको सन्दर्भलाई समेटेर एउटा बधाई ज्ञापनको नमुना तयार गर्नुहोस् ।
४. आफ्नो सम्पूर्ण सूचना समेटेर एउटा व्यक्तिवृत्तको नमुना तयार गर्नुहोस् ।
५. सिजि फुड्स कोहलपुरवाट उत्पादित वाइवाइ चाउचाउको प्रचार प्रसारका लागि एउटा विज्ञापन तयार गर्नुहोस् ।
६. झरना नर्सरी, वीरेन्द्रनगर सुर्खेतवाट उत्पादित फलफूलका वोटविरुवा र गमलाको प्रशस्त व्यापार गर्ने उद्देश्यले आवश्यक पर्ने विज्ञापनको नमुना तयार गर्नुहोस् ।

☑



एकाइ ८

# निबन्ध लेखन

## ८.१ निबन्धको परिचय

निबन्ध शब्द 'बन्ध' धातुमा 'नि' उपसर्ग लागेर बनेको हो । यसको शाब्दिक अर्थ राम्ररी बाँधिएको भन्ने हुन्छ । जीवन र जगत्का जुनसुकै विषयलाई लिएर आत्मपरक वा वस्तुपरक शैलीमा लेखिएको स्वतन्त्र रचनालाई निवन्ध भनिन्छ । कुनै विषयमा केन्द्रित भई सुगठित ढङ्गमा बाँधिएको रचना नै निबन्ध हो । यसमा कुनै विषय वा वस्तुका प्रकृति, स्वरूप, विशेषता, गुणदोष आदि केलाएर आफ्ना अनुभूतिलाई स्वतन्त्र किसिमले व्यक्त गरिएको हुन्छ । यो विचार प्रधान साहित्यिक विधा हो । यसमा विषयवस्तुसँग सम्बन्धित विभिन्न तथ्यहरूलाई वैचारिक ढङ्गले प्रस्तुत गरिन्छ । कल्पना र भावनाका सहायताले विषयवस्तुलाई कलात्मक बनाएर प्रस्तुत गरिन्छ । विचारको प्रवाहसँगै अनुभूतिका रागहरू प्रस्तुत गरिन्छ । कलात्मक भाषाका माध्यमबाट आत्मप्रकाशनको प्रयास निवन्धमा गरिएको हुन्छ । यसरी कुनै पनि विषयवस्तुलाई लिएर विचार कल्पना र भावनाले राम्ररी सुव्यवस्थितहरूमा बाँधेर प्रस्तुत गरिने साहित्यिक विधा नै निबन्ध हो ।

## ८.२ निबन्धका प्रकार :

निबन्धलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । अभिव्यक्तिका आधारमा निबन्धलाई वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावनात्मक गरी चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ । विषयवस्तु र शैलीका आधारमा भने निबन्ध वस्तुपरक र आत्मपरक गरी मुख्य दुई प्रकारका हुन्छन् :

(क) **वस्तुपरक निबन्ध :** कुनै पनि विषय वा शीर्षकमा बढी केन्द्रित भई तथ्यहरूको विवरण र वर्णन गरिने निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । यसमा यथार्थपरक ढङ्गले कुनै पनि विषयवस्तुको वर्णन गरिन्छ । त्यसका गुण, विशेषता, महत्व आदिको प्रस्तुति गरिन्छ । यो निजात्मक नभएर परात्मक शैलीमा लेखिन्छ । यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिन्छ । यस्ता निबन्धमा निबन्धकारले कल्पना र

निजी अनुभूतिलाई भन्दा विषयवस्तुलाई बढी महत्व दिने गर्दछन् । जस्तै मेरो देश नेपाल शीर्षकको निवन्धमा देशको भूवनोट, हावापानी, वनस्पति, नदीनाला, वन्यजस्तु आदिलाई समेटेर यो यथार्थपरक ढङ्गले लेख्दा त्यो वस्तुपरक निवन्ध हुन्छ ।

**(ख) आत्मपरक निबन्ध :**

कुनै पनि विषय वा शीर्षकमा आत्मकेद्रित भएर लेखिने निवन्धलाई आत्मपरक निवन्ध भनिन्छ । यसमा निवन्धकारका निजी, भावना, अनुभूति र कल्पनाको प्रधानता रहन्छ । यसको शैली प्रथम पुरूषीय हुन्छ । यसमा यथार्थभन्दा काल्पनिकता र तीव्र भावात्मकताको सम्मीश्रण पाइन्छ ।जस्तै 'देशभक्ति' शीर्षकमा निबन्ध लेख्दा त्यो आत्मपरक निवन्ध हुन्छ ।

**आत्मपरक निबन्ध नमुना -१**

## देशप्रेम

देश भनेको आफू जन्मेको धर्ती वा जन्मभूमि हो । प्रेम भनेको माया, मोह र स्नेह हो । देशप्रेम भन्नाले आफ्नो देशप्रति गरिने माया, प्रेम, स्नेह एवम् मोह वुझिन्छ । आफूलाई जन्मदिने जननी अर्थात आमाप्रति हामीमा जुन श्रद्धा र भक्ति हुन्छ । त्यस्तै माया, प्रेम र स्नेह आफू जन्मेको देशप्रति पनि हुन्छ । यही देशप्रति गाँसिएको सम्वन्ध र त्यही सम्वन्धवाट प्रस्फुटन हुने प्रेम, माया स्नेह सवै मानिसमा हुन्छ । यही देशप्रतिको भावनाले हरेक मानिसमा म यो देशको नागरिक हुं भन्ने भावना पैदा गराएको हुन्छ ।

देशप्रति माया र प्रेम झल्काउने विभिन्न क्षेत्र हुन्छन् । देशप्रेम झल्काउन यही नै गर्नुपर्छ र यसै क्षेत्रमा लाग्नुपर्छ भन्ने केही छैन । कसैले साहित्य सिर्जनामा लागेर, कसैले विकास निर्माणमा लागेर, कसैले राजनीतिमा लागेर, कसैले उद्योग सञ्चालन गरेर र व्यापार व्यवसाय गरेर पनि देश प्रेम देखाएका छन् । एउटा गरिव किसानले खेतीपाती गरेर अन्न उत्पादन गरेर देशको सेवा गरेको छ भने एउटा मजदूरले मजदुरी गरेर देशभित्रै श्रमको आवश्यकता परिपूर्ति गरेको छ ।यी सवैमा देशप्रेमको भावना भेट्न सकिन्छ । आफ्नो देशको इज्जत र गौरवमा रमाउनु अनि आफ्नो देशको उन्नति र प्रगतिमा गर्व गर्नू देशप्रेमको नमुना हो । हामी जे गर्दछौं देशकै लागि गर्छौं भन्ने भावना नै देशप्रेम हो । स्वदेशको माटोलाई विर्सेर अथवा आफ्नो देशको गौरवलाई न्यून ठानेर विदेशी भूमिप्रति आकर्षित हुनु, देश प्रेम होइन ।जुन देशमा जन्म्यौं, हुर्क्यौं, बढ्यौं, शिक्षा आर्जन गऱ्यौ, सीप सिक्यौं, जव केही सक्षम भयौ तब विदेशी माटोप्रति आकर्षित भयौं भने के त्यहाँ देशप्रेम छ भन्न सकिन्छ र ? शिक्षा र रोजगारीका नाममा विदेशी माटोमा श्रम र पसिना बगाउनु र विदेशमै पलायन हुनु के देशप्रेम हो ? अवश्य होइन । हामीलाई मातृभूमिले ठूलो ऋण लगाएको हुन्छ । जब त्यो ऋण तिर्ने बेला हुन्छ अनि हामी स्वदेशलाई विर्सेर विदेश पलायन हुन्छौं । यथार्थमा यो कृतघ्नता हो । जो अहिले नेपाली समाजमा व्याप्त भएको पाइन्छ ।

एउटा व्यक्ति वा एउटा नागरिकको महल वन्दैमा र दुई चार जना चिल्ला कारमा चढ्दैमा देशको विकास भएको मान्न सकिदैन । देश बन्न सबैका घर बन्नुपर्छ, आत्म निर्भर हुन सक्नुपर्दछ । आत्मनिर्भरताका लागि स्वावलम्वीपन अति आवश्यक हुन्छ । विदेशी सामानको आकर्षणमा स्वदेशी उत्पादन र वस्तुलाई विर्सेर देश विकासको कल्पना गर्नु दिवास्वप्न हो । यस्तो प्रवृत्तिले कहिल्यै पनि देशको उन्नति हुन सक्दैन । देशलाई धनी र सम्पन्न वनाउन त देशको ढुकुटी भरिनु पर्दछ । विदेशी सामानमा स्वदेशी ढुकुटी रित्याएर के देशको विकास हुन्छ ? विदेशी स्याउभन्दा स्वदेशी नास्पति मिठो भनेझै स्वदेशी वस्तुमा आकर्षित हुनु पनि देश प्रेम हो । केवल मुखले मात्र देशप्रेमको भाषण गरेर देशप्रेम झल्किदैन, व्यवहार र कर्ममा पनि झल्किनु पर्दछ । देशको उन्नति र प्रगतिमा हामीले बगाउने श्रम र पसिनावाट झल्किनु पर्दछ । आफ्नो देशलाई शिरमा राखेर आफ्नो सीप, क्षमता, श्रम र पसिना देशकै माटामा पोख्नु नै यथार्थमा देशप्रेम हो । देश रहे म रहन्छु, देश वने म वन्छु, देशले जे माग्छ म त्यही दिन्छु भनी देशको माटोमा रमाउन सक्नु र देशकै माटोमा समर्पित हुन सक्नु नै सच्चा देशप्रेम हो । तसर्थ देशप्रेमका लागि देशको गौरव र अस्तित्वलाई वचाउँदै मन, वचन र कर्मले यसलाई सम्मान, आदर र श्रद्धा गर्न सक्नुपर्दछ अनि मात्र देशप्रेमको भावना व्यवहारमा झल्किन्छ । **(ज्ञवाली र ज्ञवाली, २०५: ३-४)**

**वस्तुपरक निबन्ध नमुना १**

## सलाम तिमीलाई अब्दुल कलाम

महामानवका भोगाइ र अन्तरदृष्टिबाट उत्पन्न चिन्तनहरू घोक्नका लागि भन्दा पनि व्यवहारमा प्रयोग गर्नका लागि कामयावी हुँदा रहेछन् । यसै कुरालाई मध्यनजर राखी नेपालका सरकारी वेतनभोगीहरू आफ्नो कर्तव्य र जिम्मेवारीबाहेक अरू सबैको कर्तव्य र जिम्मेवारीको बारेमा विज्ञ र जानकार कहलाउँछन् भन्ने आरोप लागि रहेका बेला मैले भने अब्दुल कलामको यो भनाइलाई कार्य कक्षमा राखेर अघि बढ्ने प्रयत्न गरेँ " यदि तिमीले आफ्नो कर्मलाई पूजा गर्छौ भने कसैलाई पूजा गरिरहनु पर्दैन तर यदि तिमी आफ्नो कर्मलाई पूजा गर्दैनौ भन्ने सारा दुनियाँलाई पूजा गर्दै हिँड्नुपर्छ ।"

अब्दुल कलामको यो भनाइलाई शिरोधार्य गरेर यसैअनुसार आफूलाई तोकिएको जिम्मेवारी सम्पादन गर्दै गर्दा धेरै हदसम्म सफलता मिलेको छ । आफूबाट र आफ्नो निकायबाट सेवा पाउनेहरूलाई अधिकतम रूपमा सन्तुष्टि प्रदान गर्दै सेवा प्रवाह गर्ने काममा समेत अपेक्षित उपलब्धि मिलेको अनुभूति भइरहेको छ । अब्दुल कलामको अन्य पक्ष र वाणीप्रति उनको मृत्यु पश्चात् झनै आकर्षण बढ्न थालेको छ ।

फेसबुक संसारमा सयर गर्दै गर्दा थाहा पाए कि तामिलनाडुको रामेश्वरमा अहिले पनि अब्दुल कलामका ८९ वर्षीय दाजु छाता मर्मत गर्ने पसल खोलेर बसेका रहेछन् । पसलको माथिल्लो ऱ्याकमा राष्ट्रपति भएको आफ्ना भाइ अब्दुल कलामको फोटो सजाएर समेत राखेका रहेछन् । आफ्नो भाइ भारत जस्तो ठूलो देशको राष्ट्रपति हुँदा भाइको पछि पछि लागेर सल्लाहकार र निजी सचिवालयको कर्मचारी हुनुको सट्टा छातामर्मत पसलमै रमाएका छन् । पसलमा गर्वका साथ राष्ट्रपति भएको भाइको फोटो सजाएर राख्नुमै आफ्नो अहोभाग्य र आत्मसम्मान ठानेका छन् । हाम्रो देशमा भए त कुनै व्यक्ति ठूलो नेता हुनेर्वित्तिकै पद्धति मिचेर भए पनि आफ्नो आफ्नो घर परिवारका सदस्यहरूलाई भाग विलो पुगेपछि मात्र अरूलाई सम्झेको बहाना गरिन्थ्यो होला । लोकतन्त्र भनेर जति फलाके पनि परिवार तन्त्र र नातावादमा चुर्लुम्म डुबेपछि लोकतन्त्र त बाँदरको हातमा नरिवल जस्तो पो हुँदो रहेछ । आज त्यही लिला हाम्रो देशले भोगिरहेको छ । मेरो हार्दिक सलाम छ । अब्दुल कलामलाई विधिको शासन अक्तियार गरेकोमा ।

अब्दुल कलामले भनेका छन् " सबै चराहरू वर्षाको समयमा आफ्नो बासस्थानतिर लाग्छन् । चरा मध्यकै चील भने वर्षालाई उछिन्दै बादलमाथि गएर कावा खाँदै उड्छ । समस्या सबैका उस्तै हुन् । ती समस्यालाई हेर्ने प्रवृत्ति मात्र फरक हुन् । यही चिन्तनलाई सम्मान गरेर आफूलाई परिचालित गरेकै कारण अब्दुल कलामले आफूलाई संसारकै महामानवमा दर्ज गर्न सफल भए जस्तो लाग्छ । आफ्ना नातागोता र बन्धुवान्धवभन्दा सारा देशवासीलाई नै आफ्नो सम्झिने उनको प्रवृत्तिकै कारण उनलाई पनि सारा देशवासीले आफ्नो सम्झेर सम्मान गरे । हाम्रो जस्तो देशका राष्ट्रिय नेताहरू एउटा दल, जाति, सम्प्रदाय र समूहको स्वार्थका खातिर प्रतिनिधित्व गर्दै अघि बढेको भए अब्दुल कलामका आफ्नो सहोदर दाइ पनि छाता मर्मत पसल छोडेर राष्ट्रपति कार्यालयतिर जागिरे भइसक्थे होला । अब्दुल कलामले त्यसो गरेनन् । उनकै उद्गार सापट लिएर भन्नु पर्दा उनी अरू चराहरू भन्दा फरक प्रवृत्ति लिएर अगाडि बढ्न खोजे । उनले समस्याभित्रै डुबेर समाधान खोज्नेभन्दा पनि समस्या भन्दा माथि उठेर समस्याको समाधान गर्न खोजे, जसरी वर्षा हुँदा चीलले पानीमा रूझेरभन्दा पनि बादलमाथि गएर शयर गर्दै रमाउने गर्छ ।



अब्दुल कलाम वैज्ञानिक हुन् । वैज्ञानिकहरूका पनि वैज्ञानिक, यसका साथै उनी मुस्लिम धर्मावलम्बी पनि हुन् । धर्मका बारेमा उनले भनेका छन् - "असल मानिसका लागि धर्म साथी बनाउने बाटो हो भने तुच्छ व्यक्तिका लागि धर्म लडाइ गर्ने हतियार हो ।" उनले जीवनमा जस्तो भने त्यस्तै गरे । धार्मिक उन्माद र युद्धबाट आक्रान्त आफ्नो देशलाई उनी राष्ट्रपति हुँदा सबैप्रति मित्रता र आत्मीयता गाँसी धार्मिक समस्या समाधान गर्ने सवालमा उनी धेरै सदसम्म सफल भए । सबै धर्मावलम्वीहरूले उनलाई आफ्नै सम्झने वातावरण र हार्दिकताको विकास गरे फरक धर्मावलम्वीहरूको बीचमा पनि हार्दिकता, सहयोग, सहानुभूति र सहिष्णुता जस्ता कुराहरूको आदानप्रदानमा उनले अतुलनीय भूमिका निर्वाह गरे ।

मुस्लिम धर्मलाई आफ्नो सम्झे पनि मुस्लिमहरूले अझै दिलैदेखि आफ्नो सम्झिन नसकेको ब्रह्माकुमारी विश्वविद्यालय (ॐ शान्ति) को मुख्यालय भारतको राजस्थानस्थित माउन्ट आबुमा रहेका हेर्न लायक डा. अब्दुल कलामका तस्वीरहरू, उनी त्यहाँ पुग्दा भए गरेका क्रियाकलापहरू र उनको भनाइलाई महत्व दिएर सबैले देख्ने गरी सजाएर राखिएको पाउँदा धर्म सम्बन्धी उनका उल्लिखित भनाइलाई उनले झनै व्यवहारमा उतारेको अनुभूति भयो ।

असल हुन चाहनेहरूका निम्ति अब्दुल कलामको जीवन जति पथप्रदर्शक र प्रेरणादायी छ । उनका उद्गार र भनाइहरूमा समेत त्यो प्रकारको दम छ । भाग्य भरोसा भनेर मेहनत नगरी हात बाँधेर बस्ने अनि फलको भने गतिलो आस गर्नेहरूका लागि उनी भन्छन् "उपलब्धिको आशामा बस्नेहरूलाई त्यति मात्र मिल्छ । जति सङ्घर्ष र प्रयत्न गर्नेहरूले उनीहरूका निम्ति छोडेर जान्छन् ।" उनको यो भनाइले स्वाभाविक रूपले मानिसहरूको मेहनत गर्ने प्रवृत्तिको प्रोत्साहनलाई प्राथमिकता दिएको देखिन्छ । उनको यो भनाइलाई आत्मसाथ गर्ने जो कोहीले पनि वसी बसी सुख, शान्ति र अपेक्षित उपलब्धि बर्सिन्छ भन्ने कुरामा कहिल्यै पनि विश्वास गर्दैनन् । मानिसलाई अभिप्रेरित गर्ने क्रममा अब्दुल कलाम भन्छन्, "सपना ती होइनन् जो सुतेपछि देखिन्छन्, सपना त ती हुन् जसले सुत्न दिँदैनन् ।" यसरी सपना, परिकल्पना र लक्ष्यका साथ अघि बढ्ने मानिस नै जीवनमा सफल हुने कुरामा जोड दिन्छन् डा. अब्दुल कलाम मानिसहरूलाई प्रेरित गर्ने सवालमै अब्दुल कलाम भन्छन् "पहिलो पटकको विजयमै आराम नगर किनभने यदि तिमी दोस्रो पटक पराजित भयौ भने तिम्रो पहिलो पटकको विजयलाई भाग्यवश भएको भन्नका लागि मानिसहरू पर्खिरहेका हुनेछन् ।" त्यसरी नै उनी भन्छन् , "जीवनको सर्वश्रेष्ठ आनन्द भनेको मानिसहरूले गर्न नसक्ने भनी दाबी गरेको काम गर्न सक्नुमा हुन्छ ।"

यसरी उनका भनाइहरू अध्ययन गर्दा लाग्छ संसारमा उनले नभोगेको र अनुभव नगरेको कुनै प्रसङ्ग नै छैन । यसको महसुस उनका भनाइहरूमा लुकेको यथार्थता र शाश्वत वास्तविकता रसास्वादन गर्दा हुने गर्दछ । जीवनमा अप्ठ्यारो सहन गर्न नसक्ने तर खुसी र सफलता भने आवश्यक पर्ने अनौठो मानिसहरूलाई अब्दुल कलामको "मानिसलाई अप्ठ्यारो त चाहिन्छ नै किनभने त्यसले मानिसलाई सफलताको समयमा प्रफुल्लित हुन मद्दत गर्दछ" भन्ने उद्गारले उनीहरूको जीवनको घैंटोमा घाम लगाउन सहयोग गर्ने देखिन्छ। यसैगरी "तिमी तिम्रो भविष्य बदल्न सक्दैनौ तर तिमी तिम्रो प्रवृत्ति भने अवश्य बदल्न सक्छौ, यसो गर्न सक्यौ भने तिम्रो भविष्य अवश्य बदलिने छ" भन्ने उनको उद्गार पनि जीवनमा कम प्रेरणादायी छैन ।

संसारमा आदर्श पेसाको रूपमा परिचित शिक्षण पेसामा जीवन समर्पण गरेर पनि कतिपय शिक्षकहरूलाई आफ्नो पेसालाई सगौरव प्रस्तुत गरेर परिचय दिने हिम्मत नहुँदो रहेछ । सायद शिक्षण पेसा प्रति हुनुपर्ने जति समर्पण हुन नसकेको कारणले पनि त्यस्तो असहजता देखिएको होला । डा. अब्दुल कलाम भने आफू राष्ट्पति हुँदा पनि आफूलाई राष्ट्रपति भन्दा पनि एउटा शिक्षक भनेर दुनियाँका अगाडि परिचय वनाउन पाए हुन्थ्यो भन्थे र आफ्नो परिचय पनि त्यसरी नै दिन्थे । उनका साथीहरूसँग उनी जीवनको अन्तिम घडी पनि कसैलाई केही सिकाउँदा सिकाउँदै विताउन पाए हुन्थ्यो भनेर आफ्नो रहर अभिव्यक्त गर्थे । नभन्दै उनको जीवनको अन्तिम घडी पनि त्यसरी नै वित्यो। आफूलाई शिक्षक भन्न रूचाउने डा. अव्दुल कलामसँग भौतिक सम्पत्तिको रूपमा केही थिएन भन्दा पनि हुन्छ । आफूसँग भएको एउटा वस्ने फ्ल्याट र आफूले पाउने पेन्सन मृत्युपूर्व नै क्रमशः एउटा अनुसन्धान केन्द्र र गाउँविकास समितिको नाममा हस्तान्तरण गरेर गए । उनीसँग भएको बौद्धिकता र विशेषज्ञता भने सारा दुनियाँका निम्ति जुग जुग सम्म काम लाग्ने गरी छाडेर गए । एउटा महान र असल गुरूले संसारका निम्ति गर्नुपर्ने दायित्व पनि सायद यही हो क्यारे । शिक्षक हुन रूचाउने भएरै पनि होला, अब्दुल कलाम विद्यार्थी र वालबालिकाहरू प्रति पनि असाध्यै गम्भीर आशावादी देखिन्छन् । उनी भन्छन्, "विद्यार्थीको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको प्रश्न सोध्नु हो । त्यसैले उनीहरूलाई प्रश्न सोध्न दिनुपर्छ" यसवाट स्पष्ट छ कि विद्यार्थीहरूका हर प्रकारका जिज्ञासाहरूको प्रस्फुटन र तिनको समाधान गर्न सक्नुमा नै शिक्षण सिकाइको समग्र गुणस्तर निर्भर गर्दछ ।

विद्यालयले पहिचान गर्न नसकेका विद्यार्थीहरूप्रति सङ्केत गर्दै उनी भन्छन् "राष्ट्रका उत्कृष्ट मस्तिष्कहरू कक्षाकोठाका लास्ट बेन्चहरूमा पनि भेटिन सक्छन्" सायद उनले तृतीय श्रेणी भन्दा कहिल्यै माथि नल्याएर पनि देशको निम्ति प्रथम श्रेणीको कार्य गर्न सक्षम महात्मा गान्धी जस्ता महामानवहरूलाई भन्न खोजेको हुन सक्छ । कलाम भन्छन् "हाम्रा वालवालिकालाई भोलि असल बनाउनका लागि हामीले हाम्रो आजलाई उनीहरूका निम्ति वलिदानी गरौं ।" यसरी उनले भने जस्तै हामीले बालबालिकाको अनुहारमा भोलिको देशको मुस्कानको खोजी गर्दै तदनुसारको व्यवहार गर्न सक्यौ भने हामी र हाम्रो देश हामीले रोजेको र खोजेको भन्दा फरक हुने छैन । **(विद्यार्थी, देवो भवःबाट)**



## अभ्यास

तलका शीर्षकहरूमा ३०० शब्दसम्मको निवन्ध लेख्नुहोस् ।

१. देशभक्ति
२. देश विकासमा पर्यटन र जलविद्युतको भूमिका
३. मलाई मन पर्ने साहित्यकार
४. मानवीय जीवनमा अनुशासनको महत्व
५. द्वन्द्व र शान्ति
६. सौर्य ऊर्जा
७. लोकतन्त्र र संघीयता
८. एक्काइसौं शताब्दीमा विज्ञान
९. कृषिप्रधान देश नेपाल
१०. खनिज सम्पदाको उपयोग सम्भावना र चुनौति
११. विश्वव्यापी महामारी

☑